Nepali

# Flying Start for kids



## परिवार र समुदायहरूका लागि तथ्य जानकारी

## ३ वर्ष पुगेकाहरूलाई प्रिस्कूल

### तपाईंको बच्चाको लागि के अर्थ राख्छ भन्ने कुरा यहाँ छ

प्रत्येक बच्चालाई जीवनमा कुशल सुरुवात दिनको लागि दक्षिण अष्ट्रेलियाली सरकारले २०२६ देखि **३ वर्ष पुगेकाहरूलाई प्रिस्कूल** सुरु गर्दैछ। यसको अर्थ राज्यभरका सबै ३ वर्षका बालबालिकाहरूले २०३२ सम्ममा शिक्षकद्वारा नेतृत्व गरिएको प्रिस्कूलमा प्रति हप्ता १५ घण्टा पहुँच पाउनेछन्।

### यसले कसरी काम गर्छ

यदि तपाईंको बच्चा लङ्ग डे केयरमा जाने गरेको छ जसले सरकारसँग ३ वर्ष पुगेकालाई प्रिस्कूल सेवा प्रदान गर्ने साझेदारी गरेको छ भने, उनीहरूले त्यहाँ आफ्नो कार्यक्रम प्राप्त गर्नेछन्।

यदि तपाईंको बच्चा लङ्ग डे केयरमा भर्ना भएको छैन जसले सरकारसँग ३ वर्ष पुगेकालाई प्रिस्कूल सेवा प्रदान गर्ने साझेदारी गरेको छ भने, तपाईंले यो कार्यक्रम प्रदान गर्ने सरकारी वा गैर-सरकारी प्रिस्कूल वा लङ्ग डे केयर सेवामा भाग लिन योग्य हुन सक्नुहुन्छ।

यो सुधार हुँदै जाँदा थप ठाउँहरू उपलब्ध हुनेछन्।

### यो तपाईंको बच्चाको लागी किन महत्वपूर्ण छ

बच्चाको मस्तिष्कको ९०% भन्दा बढी विकास, ५ वर्षको उमेर अघि नै हुन्छ। यी सुरुका वर्षहरू बच्चाको आत्मविश्वास, जिज्ञासा र जीवनका महत्त्वपूर्ण सीपहरू विकास गर्ने उत्तम समय हो।

### ३ वर्ष पुगेकाहरूको प्रिस्कूलबाट के अपेक्षा गर्ने

शिक्षकको नेतृत्वमा नयाँ ३ वर्ष पुगेकालाई प्रिस्कूल कार्यक्रम खेलमा आधारित सिकाइको वरिपरि निर्माण गरिएको छ।

यसमा निम्न समावेश हुन सक्छन्:

- रमाइला, उद्देश्यपूर्ण गतिविधिहरू जसले सामाजिक सीप, अन्वेषण र जिज्ञासालाई प्रोत्साहन गर्दछ
- बाल-नेतृत्वमा खोजका लागि अवसरहरू जसले बच्चाहरूलाई आत्मविश्वासी सञ्चारकर्ता र सक्रिय शिक्षार्थी बन्न मद्दत गर्दछ
- स्व-पहिचान र भावनात्मक लचिलोपन विकास गर्न सुरक्षित र सहयोगी वातावरण
- स्वास्थ्य, कल्याण र अन्वेषणलाई सहयोग गर्न बाहिरी खेल
- आदिवासी र अन्य संस्कृतिहरू मनाउने।

Government of South Australia

earlychildhood.sa.gov.au

## गुणस्तरीय शिक्षक र प्रशिक्षकहरूमा पहुँच

गुणस्तरीय प्रारम्भिक बाल्यकाल शिक्षा महान शिक्षक र प्रशिक्षकहरूबाट सुरु हुन्छ। यसैकारण सरकारले शिक्षा मानक बोर्डको महत्त्वपूर्ण कार्यसँगै गुणस्तरीय शिक्षण र सिकाइलाई सहयोग गर्न **$९६.६ मिलियन** लगानी गरिरहेको छ।

यो लगानीले शिक्षकहरूलाई थप योजना बनाउने समय, व्यावसायिक सिकाइ, र सबै सेवाहरूको गुणस्तर बढाउन सहयोग प्रदान गर्नेछ।

साझेदारी गरेका ३ वर्ष पुगेकाहरूको प्रिस्कूलहरूले प्रिस्कूल बूस्ट कोष, समर्थन गर्ने गुणस्तर, प्रमाण-सूचित कार्यक्रमहरू र स्रोतहरूमा पनि पहुँच पाउनेछन् जसले उनीहरूको सेवाहरूमा बालबालिका र परिवारहरूको आवश्यकतालाई उत्तम रूपमा समर्थन गर्दछ।

# ३ वर्ष पुगेकालाई प्रिस्कूल प्रारम्भबारे सिंहावलोकन

| | कहाँ | घण्टा | कार्यक्रम | लागत |
|---|---|---|---|---|
| **२०२६ देखि २०३२ सम्म** | २०२६ देखि चरणबद्ध रूपमा, सर्वव्यापी ३ वर्ष पुगेकालाई प्रिस्कूल सुरु हुनेछ, राज्यभरिका लङ्ग डे केयर संस्थाहरू र दुर्गम क्षेत्रहरूका सरकारी र अन्य सत्रीय प्रिस्कूलहरूसँग साझेदारी गर्दै सुरुवात हुनेछ। | ३ वर्ष पुगेकाहरूको प्रिस्कूलले २०२६ देखि प्रिस्कूलको क्षमता (कर्मचारी र पूर्वाधार लगायत) का आधारमा हप्ताको ६ देखि १५ घण्टासम्म* प्रदान गर्नेछ। | गुणस्तरीय, शिक्षकद्वारा नेतृत्व गरिएको, खेलमा आधारित र उमेर-उपयुक्त सिकाइ। | शुल्क प्रदायकद्वारा व्यक्तिगत रूपमा निर्धारण गरिनेछ। यदि तपाईंले साझेदारीमा रहेको लङ्ग डे केयर प्रिस्कूल कार्यक्रम मार्फत प्रिस्कूलमा पहुँच गर्नु हुन्छ भने, तपाईंले कमन्वेल्थ चाइल्ड्केयर सब्सिडी (राष्ट्रमंडल बाल हेरचाह अनुदान) (CCS) दावी गर्न सक्नुहुन्छ।** |
| **२०३२ र त्यसपछि** | ३ वर्ष पुगेकालाई प्रिस्कूल दक्षिण अष्ट्रेलियाभरि सबै परिवारहरूको लागि उपलब्ध हुनेछ। | हप्तामा १५ घण्टा*, प्रति वर्ष ६०० घण्टा। | गुणस्तरीय, शिक्षकद्वारा नेतृत्व गरिएको, खेलमा आधारित र उमेर-उपयुक्त सिकाइ। | शुल्क प्रदायकद्वारा व्यक्तिगत रूपमा निर्धारण गरिनेछ। यदि तपाईंले साझेदारीमा रहेको लङ्ग डे केयर प्रिस्कूल कार्यक्रम मार्फत प्रिस्कूलमा पहुँच गर्नु हुन्छ भने, तपाईंले कमन्वेल्थ चाइल्ड्केयर सब्सिडी (राष्ट्रमंडल बाल हेरचाह अनुदान) (CCS) दावी गर्न सक्नुहुन्छ।** |

*सबैभन्दा बढी आवश्यक पर्ने बालबालिकाहरूका लागि ३० घण्टासम्म उपलब्ध हुनेछ।

**बाल हेरचाह अनुदानको लागि योग्यता राष्ट्रमंडल नीतिद्वारा निर्धारण गरिन्छ।



३ वर्ष पुगेकाहरूको प्रिस्कूलको सुरुवातको बारेमा थप जान्न प्रारम्भिक बाल्यकाल विकास कार्यालयको वेबसाइट हेर्नुहोस्।

**earlychildhood.sa.gov.au हेर्नुहोस्**

Government of South Australia